# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०२।३१ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

-----------------------------------------------------------------

जिल्ला वन कार्यालय, रुकुम (पश्चिम) का सहायक वन अधिकृत रोहीत कुमार शाह र ग्रामीण वित्त सहायक सन्दीप अधिकारीले कबुलियति वनको काममा सहजीकरण गरिदिने बहानामा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिई गएको टोलीले निजहरुलाई रु.२३,०००।- (तेइस हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा सहायक वन अधिकृत रोहीत कुमार शाहको कार्यकक्षबाट नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता